नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३३३

मितिः२०८०/०८/०६

विषयः गैरआवासीय नेपाली नागरिकता जारी गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय मोरङको मिति च.नं. ५५२२, मिति २०८०/०७/२४ तथा जिल्ला प्रशासन कार्यालय, सुनसरीको च.नं. ६७० मिति २०८०/०८/०१ को पत्रबाट अविवाहित अवस्थामा नागरिकता प्राप्त गरेका महिला, एउटा जिल्लाबाट नागरिकता प्राप्त गरी अर्को जिल्लामा बसाइँ सरेका व्यक्ति तथा कर्मचारी परिवारको नाताले एउटा जिल्लाबाट नागरिकता प्राप्त गरी अर्को जिल्लामा स्थायी ठेगाना भई पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ एवं नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न द्विविधा भएको भनी मन्त्रालयको निर्देशन/राय माग भई आएको सन्दर्भमा देहाय अनुसार गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गर्न (मा.उपप्रधानमन्त्री एवम् गृहमन्त्रीस्तर)बाट मिति २०८०/०८/०६ मा निर्णय भएकोले सोही व्यहोरा अनुरोध छ ।

देहायः

१) जुन जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी भएको हो सोही जिल्ला प्रशासन कार्यालयमा नेपाल नागरिकता ऐन/नियम बमोजिम नागरिकता परित्याग गर्नुपर्ने ।

२) अविवाहित अवस्थामा माइतीतर्फबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी साविकमा नेपालमा रहँदा अर्को जिल्लामा विवाह भएका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका महिलाहरुका हकमा जुन जिल्ला प्रशासन कार्यालयबाट शुरु नागरिकता जारी भएको हो सोही कार्यालयबाट गैर आवासीय नेपाली नागरिकता जारी गर्ने ।

३) नेपालमा रहँदा एउटा जिल्लाबाट नागरिकता लिई अर्को जिल्लामा बसाइँसराइ गरेका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुका हकमा नेपाली नागरिकता परित्याग भएको अभिलेखको प्रमाण एकीन गरी बसाइँसरी आएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट गैर आवासीय नेपाली नागरिकता जारी गर्ने ।

४) कर्मचारी परिवारका नाताले एउटा जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएका स्थायी ठेगाना अर्को जिल्लामा भएका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुका हकमा नेपाली नागरिकता परित्याग भएको अभिलेखको प्रमाण यकिन गरी नेपालमा स्थायी ठेगाना भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट गैर आवासीय नेपाली नागरिकता जारी गर्ने ।

२०८०/०८/०६
( देवर्षि सापकोटा)
शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)